# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा

पत्र संख्या: २०८१।०८२

सूचना नम्बर: ६८

लुम्बिनी प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी ,बालुवा उत्खनन् तथा संकलन सम्बन्धी सार्वजनिक सूचना!

सूचना प्रकाशित मितिः२०८१/१२/१७

प्रस्तुत विषयमा लुङ्ग्री गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि लुङ्ग्री गाउँपालिकाको क्षेत्र अन्तर्गत हुँदै बग्ने लुङ्ग्री खोलाको सुनछहरी झरना देखि दोमहीसम्मको बायाँ क्षेत्र (नदी बग्ने दिशालाई आधार मानी) र बोज्याङ खोलाबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् तथा संकलन गर्न **"लुम्बिनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५"** र **"लुङ्ग्री गाउँपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०८१"** बमोजिम मिति २०८१/०८/२४ गते र मिति २०८१/०९/१७ गते आय ठेक्का गरिएकोमा २ पटक सम्म पनि कुनै ठेक्का/आवेदन पर्न नआएको र सो सन्दर्भमा राजश्व परामर्श समितिको बैठकको निर्णयको सिफारिसमा मिति २०८१/१०/२८ गतेको कार्यपालिका बैठकमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE)का आधारमा देहायका क्षेत्र र स्थानमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा विक्रि तथा व्यवस्थापन लुङ्ग्री गाउँपालिकाले नै गर्ने निर्णय भएकोले सो सन्दर्भमा ढुङ्गा, गिट्टी, बालुवा आवश्यक भएका(इच्छुक) उपभोक्ता समिति, व्यक्ति, निर्माण व्यवसायीले **"लुम्बिनी प्रदेश आर्थिक ऐन,२०८१"** को दफा ८(१) बमोजिम अनुसूची-६ मा उल्लेख भएको शुल्कमा नघट्ने गरी घाटगद्धिमा खटिएका तपसिल बमोजिमका कर्मचारीहरुबाट नगदी रसिद कटाई राजश्व जम्मा गरी नदीजन्य पदार्थहरुको उत्खनन् तथा संकलन गर्न गराउनुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ।

देहायः

१. लुङ्ग्री खोलाको सुनछहरी झरना देखि दोमहीसम्मको बायाँ क्षेत्र (नदी बग्ने दिशालाई आधार मानी)

**घाटगद्धि स्थानः** लमचिर्टि, दहचौर शिलाथान

२. बोज्याङ खोला दोमहीदेखि आलिवाङसम्मको दायाँ बायाँ क्षेत्र

**घाटगद्धि स्थानः** बग्गा, साघचौर

घाटगद्धिमा खटिने कर्मचारीहरुको विवरणः

| क्र.सं. | नाम, थर | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| १. | टिकाराम खडका | ९८६६५२५२४६ | कार्यालय सयममा |
| २ | रमेश विष्ट | ९८४१४३७५९६ | कार्यालय समय बाहेक |
| ३ | कुमार रोका मगर | ९८६५२३३२२० | कार्यालय समय बाहेक |
| ४ | धनराज रोका मगर | ९७६४७०२४९५ | कार्यालय समयमा |

*नोटः यो सूचनालाई बेवास्त गरी गैरकानूनी प्रक्रियाबाट ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन गरे गराएमा संकलन गर्ने सवारी साधन र संकलन गरिएको नदीजन्य पदार्थ गाउँपालिकाले जफत गरी जरिवाना बापत रु ५०००/-(अक्षरुपी पाँच हजार) तिराउने साथै उत्खनन् तथा संकलन गर्नेलाई कानून बमोजिम थप कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।*

(चक्र बहादुर घर्ती)

प्रमुख प्रशासकीय अधिकृत